# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


खण्डः९ संख्याः२ प्रमाणिकरण मितिः२०८३/०१/०३

राजपत्रमा प्रकाशित मितिः२०८३/०१/०४


## भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

**आय ठेक्का बन्दोवस्त नियमावली, २०८३**

**प्रस्तावनाः** जीतपुरसिमरा उपमहानगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ ले आय ठेक्का सम्वन्धी व्यवस्था गरेकोले आय ठेक्का सम्बन्धी प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न बाञ्छनीय भएकोले, उपमहानगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ को दफा ७३ बमोजिम नगर कार्यपालिकाले यो नियमावली वनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भः** (१) यो नियमावलीको नाम "आय ठेक्का बन्दोवस्त नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८२ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले आय ठेक्का बन्दोवस्त नियमावली, २०८३ सम्झनु पर्दछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ग) “विक्री” भन्नाले उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका सार्वजनिक स्थलवाट उत्पादन भई विक्री हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दहत्तर वहत्तरको विक्री तथा कार्यालयवाट हुने लिलामीलाई समेत सम्झनु पर्दछ ।

(घ) “सम्पत्ति परिचालन”भन्नाले उपमहानगरपालिकाको स्वामित्वमा रहेका वा भोगचलनमा रहेका जग्गा, पोखरी, पर्यटकीय स्थल, भवनहरुलाई आय आर्जनमा उपयोगमा ल्याउने विषयलाई सम्झनु पर्दछ ।

(ङ) “आन्तरिक आय” भन्नाले नेपाल सरकार वा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र अन्य निकायवाट प्राप्त हुने ऋण तथा अनुदान बाहेकका नेपालको संविधानको अनुसूचि-८ र अन्य संघिय तथा प्रदेश कानुनले प्रदान गरेका अधिकार अन्तर्गत रही नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आयका स्रोतहरु सम्झनु पर्छ ।

(च) “नगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(छ) “आर्थिक ऐन” भन्नाले जीतपुरसिमरा उपउपमहानगरपालिकाको आर्थिक ऐनलाई सम्झनुपर्छ ।

(ज) “बोलपत्र” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाले प्रकाशन गरेको सूचना अनुसार तोकेको ढाँचामा मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनुपर्छ ।यो शब्दले विद्युतिय वोलपत्र समेतलाई बुझाउनेछ।

(झ) “अमानत” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाले आफैले आय संकलन गर्ने कार्य सम्झनुपर्छ ।

(ञ) “राजस्व परामर्श समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित राजस्व परामर्श समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद – २

## आय ठेक्कामा दिन सकीने व्यवस्था

**३. आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्नसक्नेः** (१) नगरपालिकाको कर तथा गैर कर राजस्व सम्वन्धी ऐन तथा आर्थिक ऐनको अधीनमा रही सेवा शुल्क संकलन, विक्री, सम्पत्ति परिचालन तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम एक आर्थिक बर्षको लागि ठेक्का लगाउँदा भन्दा बढी अवधिको लागि ठेक्का लगाउँदा नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा ठेक्का लिनेले उत्पादन गरी विक्री गर्न एक वर्ष भन्दा बढी समय लाग्ने भएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तिन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।

(३) आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धि कार्य राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको निर्णयबाट गर्नुपर्नेछ ।

४. **ठेक्का सम्वन्धी प्रक्रिया पुरा गर्नुपर्नेः** नगरपालिकाले सामान्यतया आर्थीक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरिसक्नु पर्नेछ । तर, आर्थिक ऐनवाट विगतको राजस्वको दरमा परिमार्जन हुने गरी प्रस्ताव गरिएको अवस्थामा भाद्र मसान्तसम्म ठेक्का बन्दोवस्त गर्न यस व्यवस्थाले वाधा पुर्याएको मानिने छैन ।

५. **आन्तरिक राजस्व कार्यालयमा दर्ता भएकाले मात्र प्रतिस्पर्धा गर्न पाउनेः** आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी आय ठेक्काको सूचना प्रकाशन गर्नु पर्नेछ । तर वार्षिक ५ लाख सम्मको आय ठेक्कामा स्थायी लेखा नम्बर र सो भन्दा बढीको हकमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आवश्यक पर्नेछ ।

## परिच्छेद – ३

## आय ठेक्का विधि

६. **न्यूनतम ठेक्का अङ्क कायम गर्नेः** आगामी आर्थिक वर्षको लागि आन्तरिक आय स्रोतको उपलब्धता, सम्भावित स्रोतको परिचालन, कर वा शुल्क वा विक्रीको दरको आधारमा आन्तरिक आयको प्रक्षेपण गरी सोको परिचालनको लागि व्यवस्थापन लागत, ठेकदारको नाफा र चालू वर्षको ठेक्का अङ्क समेत विचार गरी राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिका बैठकको निर्णयले न्यूनतम ठेक्का अङ्क कायम गर्नुपर्नेछ । न्यूनतम ठेक्का अंक हिसाव गर्ने ढाँचा अनुसूची – १ अनुसार हुनेछ ।

७. **कार्ययोजना तयार गर्नेः** सम्भव भएसम्म ठेक्का प्रकृया शुरु हुनु भन्दा अघी आय ठेक्का प्रक्रिया अवधि, असुली कार्यतालिका तथा ठेक्काको किस्ता रकम दाखिला तालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

८. **ठेक्का सम्वन्धी कागजात तयार गर्नेः** नियम ६ र ७ को कार्य सम्पन्न भईसके पछि ठेक्का बन्दोबस्त गर्नको लागि उक्त कागजातका अतिरिक्त आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु, सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

९. **ठेक्का अंक स्वीकृतिः** नियम ८ बमोजिम तयार भएको ठेक्का सम्वन्धी कागजात प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत हुनु पर्दछ ।

१०. **ठेक्का बन्दोवस्ती प्रक्रियाः** (१) नियम ८ बमोजिम तयार भएको कागजातको आधारमा आय ठेक्का बन्दोबस्त गर्दा बोलपत्र आह्वानको सार्वजनिक सूचना जारी गरी सम्झौता गर्नु पर्नेछ । वोलपत्र आह्वान गर्दा सकेसम्म विद्युतिय प्रणालि (online e-Bidding) बाट गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम बोलपत्र आह्वान गर्दा बीसलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई र बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगरपालिका, उद्योग वाणिज्य संघ, जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनुपर्नेछः

(क) साबिकमा ठेक्का लागि आएको भए कति रकममा ठेक्का लागेको हो सो कुरा,

(ख) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(ग) स्रोतगत र स्थानगत विवरण तथा उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(घ) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिईने भए सो कुरा,

(ङ) बोलपत्र फाराम प्राप्त हुने स्थान (स्थान खुलाउँदा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ),

(च) बोलपत्र पठाउनु पर्ने तरिका,

(छ) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ),

(ज) बोलपत्र बापत लाग्ने मूल्य,

(झ) बोलपत्र दाखिला हुनु पर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(ञ) बोलपत्र उपर निर्णय हुने मिति,

(ट) जमानत बापत राख्नु पर्ने रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(ठ) अन्य आवश्यक कुराहरु ।

(४) उपनियम (३) को (ज) बमोजिम बोलपत्र फारामको दस्तुर वापत बीस लाख सम्म एक हजार, बीस लाख रुपैयाँ भन्दा माथि दुई करोड रुपैयाँसम्मको तीन हजार र सो भन्दा माथि पाँच हजार रुपैयाँ मूल्य कायम गर्नु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई उपनियम (३) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक डाँक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः

(क) बढाबढ हुनेस्थान,

(ख) बढाबढ हुने समय र मिति,

(ग) अन्य आवश्यक कुराहरु ।

(७) डाँक बढावढ गर्दा पनि नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा राजश्व परामर्श समितिको सिफारिसमा नयाँ न्यूनतम अंक कायम गरी पुनः यस नियमावली अनुसारको प्रक्रिया अपनाई आन्तरिक आय संकलनको व्यवस्था गर्न सकिनेछ। यसरी नयाँ न्यूनतम अंक कायम गर्दा औचित्यका आधारमा सुरुवाती अंक बाट बढिमा पच्चिस प्रतिशतसम्म घटाउन सकिनेछ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि नदिजन्य पदार्थ (दहत्तर वहत्तर शुल्क) को आय ठेक्का बन्दोबस्त गर्दा नियम (६) अनुसार कायम भएको न्यूनतम अङ्क घटाउन पाईने छैन।

(९) उपनियम (१) अनुसार ठेक्का बन्दोबस्त नहुँदा सम्म नगरपालिकाले राजस्व परामर्स समितिको सिफारिसमा आर्थिक ऐनले व्यवस्था गरे बमोजिमको दररेट अनुसार आय संकलन गर्ने गरि अमानतबाट आन्तरिक आय संकलन गर्न सक्नेछ । यसरी अमानतमा कार्य गर्न खटिने कर संकलक लाई अतिरिक्त पारिश्रमिक उपलब्ध गराउन बाधा पर्ने छैन।

(१०) उपनियम (१) वा (६) अनुसार प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको न्युनतम पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको न्युनतम दश प्रतिशत रकम नगरपालिकाले तोकेको बैङ्कमा जमानत वापत रकम जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कले जारी गरेको बोलपत्रको सूचना जारी भएको मितिले कम्तीमा १२० दिन सम्मको म्याद भएको विड वण्ड (बैंक ग्यारेण्टी)को सम्भव भएसम्म सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

(११) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (१०) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत नगरपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(१२) यस नियमावलिले उल्लेख गरेको वाहेक अन्य कुनै बिधिवाट प्राप्त बोलपत्र वा डाँक तथा म्याद नाघी आएका बोलपत्र वा सूचनामा उल्लेख भए बमोजिमका शर्त पुरा नगरी प्राप्त भएका बोलपत्र वा डाँक उपर कुनै कारबाही गरिने छैन ।

(१३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आन्तरिक आय शीर्षकमा न्यूनतम ठेक्का अङ्क पाँच लाख रुपैया भन्दा कम भएमा सोझै वार्ताद्वारा सम्झौता गर्न सकिनेछ।

## परिच्छेद – ४

## आय ठेक्का स्वीकृति तथा कबुलियत

**११. ठेक्का स्वीकृत गर्नेः** (१) नियम १० बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र प्रमुख प्रशासकीय अधिकृतले कुनै कारण देखाई वा नदेखाई बोलपत्र खोलेको मितिले तिस दिन भित्र स्वीकृत वा अस्वीकृत गर्नुपर्नेछ ।

(२) यस नियम बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका सर्तहरु पूरा गरी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरु मध्ये सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नुपर्नेछ ।

(३) नियम (१०) को उपनियम (६) बमोजिम डाँक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नगरपालिकाले बन्दोबस्त गरेको आयको प्रकृति अनुसार सबै ठेक्का अंक वा डाँक कवोल गर्ने बोलपत्रदाताहरुलाई समान रुपले लागु हुने गरी स्वीकृत न्युन रकमको सिमा भित्र रहि निश्चित रकम तोकि बोलपत्र आब्हानको सूचनामा बोलपत्र दाताले पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ । यस्तो रकम नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै पनि बाणिज्य बैंकले जारी गरेको सो रकम बरावरको बोलपत्र जमानत हुनुपर्ने छ ।

तर न्युनतम अंक नखुल्ने वा एकाई दरमात्र खुल्ने गरी बोलपत्र आव्हान गरिएको अवस्थामा नगरपालिकाले बोलपत्र सम्वन्धी कागजात वा पूर्व योग्यता सम्वन्धी कागजात र बोलपत्र आव्हानको सूचनामा बोलपत्र जमानतको लागि एकमुष्ठ रकम तोक्न सक्ने छ । बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढीको हुनुपर्ने छ ।

(४) विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत नेपाल भित्रको वाणिज्य बैकले प्रति–प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको हुनु पर्नेछ ।

(५) कुनै बोलपत्रदाताको बोलपत्र जमानत जफत भएको अवस्थामा नगरपालिकाले निजले राखेको जमानत रकम आफूलाई भुक्तानी गर्न त्यस्तो जमानत जारी गर्ने बैक समक्ष जमानत मान्य रहने अवधि भित्रै दावी गर्नु पर्नेछ ।

(६) नगरपालिकाले ऐन वा यस नियमावली बमोजिम जफत गर्नु पर्ने बोलपत्र जमानतबाहेक अन्य बोलपत्र जमानत खरिद सम्झौता भएको सामान्यतः ३५ दिनभित्र सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नुपर्नेछ ।

(७) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार मुल्याङ्कन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

**१२. बोलपत्र मान्य हुने अवधिः** (१) नगरपालिकाले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र मान्य हुने अवधि उल्लेख गर्दा देहाय बमोजिमको अवधि उल्लेख गर्नु पर्नेछः–

(क) दश करोड रुपैयाँसम्म न्यूनतम अंक कायम भएको बोलपत्रको लागि – नब्बे दिन

(ख) दश करोड रुपैयाँभन्दा जति सुकै बढी न्यूनतम अंक कायम भएको बोलपत्रको लागि –एक सय बीस दिन

(२) कुनै कारणवस सो म्याद भित्र ठेक्का सम्झौता गर्न नसकेमा रीत पुगेका सबै बोलपत्रदाताहरुलाई बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्दछ । यसरी म्याद बढाउँदा विडबण्डको अवधि थप गराएका बोलपत्रहरुलाई मात्र मान्यता दिईनेछ ।

**१३. बोलपत्र खोल्ने सम्वन्धी ब्यवस्थाः** नगरपालिकाले कार्यालयमा बोलपत्र पेश गर्ने अन्तिम दिनको १२ बजेपछि प्राप्त सिलबन्दी वा विद्युतिय बोलपत्रहरु बोलपत्रदाताहरुको रोहबरमा खोलि आवश्यक मुचुल्का तयार गर्नु पर्दछ।तर बोलपत्रदाताहरु उपस्थित नभएको अवस्थामा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**१४. बोलपत्र मुल्याङ्कन सम्बन्धी ब्यवस्थाः** नियम १३ बमोजिम मुचुल्का तयार गरिएका बोलपत्रहरु मुल्याङ्कनको लागि यथाशिघ्र नियम १९ बमोजिमको मुल्याङ्कन समितिमा पेश गर्ने र मुल्याङ्कन समितिले मुल्याङ्कन प्रतिबेदन तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्दछ । बोलपत्रको मुल्याङ्कन पश्चात नगरपालिकाले स्वीकृतिको लागि छनौट भएको बोलपत्रदातालाई ७ दिनको अवधि तोकि बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिनुपर्नेछ ।

**१५. पट्टा दिने र कबुलियत गराउनेः** (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि सबैभन्दा बढी कवोल गर्ने बोलपत्र वा डाँकवालालाई बीस लाख सम्मको न्यूनतम ठेक्का अंक भए सात दिन र सो भन्दा बढी भए पन्ध्र दिन भित्र कबुलियतनामा गर्न आउन सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको बोलपत्रदाता वा डाँकवाला कबुलियत गर्न नआएमा क्रमशः त्यस पछिको बोलपत्र वा डाँकवालाहरुलाई देहाय अनुसार म्याद दिई उपनियम (२) बमोजिमको कुरा खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।

(क) बीस लाख सम्म न्यूनतम ठेक्का अंक भएकोमा सात दिन,

(ख) बीस लाख भन्दा माथि न्यूनतम ठेक्का अंक भएकोमा दास्रो बढी कबुल गर्ने बोलपत्र वा डाँकवालाई पन्ध्र दिन ।

(ग) बीस लाख भन्दा माथि न्यूनतम ठेक्का अंक भएकोमा तेस्रो र त्यसपछिका कबुल गर्ने बोलपत्र वा डाँकवालाई सात दिन ।

(४) उपनियम (२) र (३) बमोजिम सूचना जारी गर्दा सूचना पाउनु पर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराएमा वा विद्युतिय माध्यमबाट डाँकवालालाई पठाएको सूचनालाई सूचना प्राप्त भएको मानिनेछ ।

तर, यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(५) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ ।

(६) उपनियम (१) र (२) बमोजिमको व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा धरौटी वा विड बण्डको रकम जफत गरी निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम नगरपालिकाले अनुमान गरेको न्यूनतम ठेक्का अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावली अनुसार प्रकृया पुर्याई पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(७) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत आ.व. को ठेक्का अङ्कको चालिस प्रतिशत नगरपालिकाको खातामा दाखिला गराई बाँकि रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा ठेक्का अवधि भन्दा तीस दिन बढि म्याद भएको परफरमेन्स वण्ड (कार्यसम्पादन जमानतपत्र) वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित व्यवसायीसँग अनुसूची–२ बमोजिम कबुलियत गराई अनुसूची–३ बमोजिम पट्टा दिनु पर्नेछ ।

(८) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम १० को उपनियम (१०) बमोजिम राखेको जमानत जफत भई नगरपालिकाको कोषमा दाखिला हुनेछ ।

## परिच्छेद – ५
## आय ठेक्का सञ्चालन

**१६. ठेक्का रकमको किस्ता बुझाउने तरिकाः** (१) नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लेखित असूली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी दश प्रतिशत सम्म छुट दिईनेछ ।

तर यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख गर्नु पर्नेछ ।

**१७. ठेक्का तोड्नेः** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा रकम असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुवाट रकम असूल गरेमा त्यस्तो रकम नगरपालिकाले सम्बन्धित व्यक्तिलाई फिर्ता गरी सोही रकम बरावरको जरीवाना थप गरी ठेकेदारबाट त्यस्तो रकम असूल उपर गर्नुपर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ। यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा कार्यपालिकाको निर्णय अनुसार साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम रकम असूल गर्ने गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र नगरपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत ब्याज समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(६) नियम (११) अनुसार ठेक्का स्विकृत भईसकेको अवस्थामा कुनै कारणवश आय सङ्कलन गर्ने अवधि कम भई ठेकेदारलाई आर्थिक रुपमा क्षति हुने मनासिव कारण देखिएमा कार्यपालिकामा निर्णय गराई सम्झौता हुनुपूर्व ठेक्का रद्द गर्न सक्नेछ।

तर सम्झौता पश्चात आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने ऐनको व्यवस्था बमोजिम असूल गर्नु पर्ने रकम मध्ये उपयुक्त रकम छुट दिन सक्नेछ ।

**१८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई नगरपालिकाले कार्यपालिकाको निर्णय अनुसारको रकम पुरस्कार तथा सम्मान उपलब्ध गराउन सक्नेछ।

(४) उपदफ (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नुपर्नेछ ।

## परिच्छेद – ६
## विविध

**१९. मूल्याङ्कन समिति सम्बन्धी ब्यवस्थाः** (१) यस नियमावलि बमोजिम आय ठेक्का बन्दोबस्त हुने ठेक्काहरुको वोलपत्र मूल्याङ्कनको लागि देहाय अनुसारको मूल्याङ्कन समिति हुनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत- संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(ग) कानुन अधिकृत — सदस्य

(घ) विषय सँग सम्बन्धित प्राविधिक विशेषज्ञ (सम्भव भए सम्म अधिकृतस्तर)- सदस्य

(ङ) राजस्व प्रशासन शाखा प्रमुख- सदस्य सचिव

(२) नियम (१) बमोजिमको मूल्याङ्कन समितिले, प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिअनुसार, सरकारी वा गैर–सरकारी क्षेत्रका विषय–विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको सचिवले समितिको बैठकको माईन्युट तयार गरी राख्नुपर्नेछ र समितिमा छलफल भएका सम्पूर्ण विषयहरूको फाइल खडा गर्नुपर्छ।

(४) मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

**२०. प्रचलित कानून बमोजिम हुनेः** आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिमका उपयुक्त हुने विधि र प्रकृया अनुसार हुनेछ ।

**२१. वाधा अड्काउ फुकाउने अधिकारः** (१) यो नियमावली कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै नियमावलिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपनियम (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

**२२. खारेजी र बचाऊः** (१) यो नियमावलि लागु भएपछि यस जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को परिच्छेद-१२ स्वतः खारेज भएको मानिनेछ।

(२) नगरपालिकाले आय संकलनका सम्बन्धमा यस अघि गरेका आय ठेक्कासम्बन्धी कार्य यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची– १

नियम ६ सँग सम्बन्धित

**न्यूनतम ठेक्का अंक हिसाव गर्ने ढाँचा**

| विवरण | रकम |
|---|---|
| कूल आय सम्भाव्यता (स्रोतको उपलब्धता) कर वा शुल्क वा विक्री दर) | |
| करको दायरामा ल्याउन सकिने (कुल सम्भाव्यताको .... प्रतिशतले हुने रकम) | |
| घटाउने, ठेकेदारको व्यवस्थापन लागत (आयको ..... प्रतिशतले हुने रकम) | |
| घटाउने, ठेकेदारको नाफा (आयको ..... प्रतिशत) | |
| खुद आय सम्भाव्यता (प्रारम्भिक ठेक्का अंक): | |
| चालु वर्षको ठेक्का अङ्क | |
| सम्भाव्यता अध्ययन नभएका वा तथ्याङ्क प्राप्त गर्न जटिल हुने आय शिर्षक भएको ठेक्काको न्यूनतम ठेक्का अंक सो ठेक्काको चालु वर्षको सम्झौता रकममा नघट्ने गरी हिसाब गर्न सकिनेछ। | |

गीतपुर सिमरा उपमहानगरपालिका

अनुसूची– २

नियम १५ को (७) सँग सम्बन्धित

**कबुलियतको फाराम**

लिखितम.......... को नाती ............ को ............. छोरा ....... बस्ने वर्ष ... को आगे तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिम क्षेत्रमा उपमहानगरपालिकाको रकम ठेक्का बन्दोवस्त गर्ने गरी यस जीतपुरसिमरा उपमहानगरपालिकाबाट आमन्त्रित गरिएको मिति ........... सूचना नं. ........... अनुसार तपाई समेतले दिनु भएको बोलपत्र बढाबढको व्यहोरा पेश हुँदा आर्थिक वर्ष................. को रु. .................. मा ठेक्का दिने गरी तपाईसंग ठेक्का बन्दोवस्त गर्न मिति ............... मा यस उपमहानगरपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसिलको शर्त बमोजिमका स्रोतबाट तपसिल बमोजिको क्षेत्रमा उपमहानगरपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जूरी भै आउनु भएको हो/होइन भनी आज मलाई यस जीतपुरसिमरा उपमहानगरपालिकाबाट सोधनी हुँदा मेरो चित्त वुझ्यो। यसमा तपसिलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसिलमा लेखिए बमोजिमको मिति भित्र उपमहानगरपालिकालाई ............ किस्ताको रकम/एकमुष्ट रु. .............. बुझाई मिति ................ देखि मिति ..................... सम्म आर्थिक वर्ष...............को निमित्त ठेक्का चलाउने छु। पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखी यस उपमहानगरपालिकामा चढाएँ ।

<u>तपसिल</u>

(१) तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आर्थिक वर्ष ............. को रु. .......... आर्थिक वर्ष............को रु. ............ आर्थिक वर्ष ............. को रु. .......... समेत गरी जम्मा रु............. को ठेक्का रकम प्रति किस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता/ठेक बुझाउने गरी ...................... गते देखि.................. सम्मलाई प्रचलित कानूनको अधीनमा रही जीतपुरसिमरा उपमहानगरपालिकाको आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका निमित्त उपमहानगरपालिकाको क्षेत्र भित्रका यसैसाथ संलग्न सूचीका मालवस्तु/सेवामा सोही सूचीमा तोकिएको दरमा कर/सेवा शुल्क संकलन/बिक्री गरी आय संकलन गरी जीतपुरसिमरा उपमहानगरपालिकालाई किस्ता रकम बुझाउनेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै उपमहानगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न जीतपुरसिमरा उपमहानगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर,सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस उपमहानगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको उपमहानगरपालिकाबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र

सजाय मलाई मन्जुर छ । मैले यस रकम वापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु........... सूचनामा उल्लेख भएको उपमहानगरपालिकाको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ संलग्न गरेको छु ।

(४) अन्य किस्ताको हकमा तोकिएको मिति ............ भित्र यस जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउँदै जानेछु ।

(५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पूर्जी लिनको लागि कुल ठेक अंक रु. ............ बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको मिति ........... सम्म म्याद रहेको परफरमेन्स वण्ड/नगद उपमहानगरपालिकाको ........... बैंकमा रहेको खाता नं. ............... मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

(६) अन्य आवश्यक कुरा केही भएमा....................

**<u>किस्ताबन्दी:</u>**

...........साल ...............गते देखि................. साल........ गते सम्म जम्मा रु. ..............

पहिला किस्ता पट्टा कबुलियत भएको आजै ...........साल ...............गते बुझाउनु पर्ने रु. ................

दोस्रो किस्ता ........... साल ........ गते जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउने रु. ................

तेस्रो किस्ता .......... साल ......... गते जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउने रु. .................

<u>ठेकेदार वा निजको वारेसको</u>

दस्तखतः

नाम थरः

ठेगानाः

स्थाई लेखा नम्वरः

<u>साक्षीको नाम, थर, ठेगाना र दस्तखतः</u>

१.

२.

इति सम्बत् ................ साल......................... गते रोज ........................शुभम् ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची – ३

नियम १५ को (७) सँग सम्बन्धित

पट्टाको फाराम

<u>जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय पट्टाको फाराम</u>

जीतपुरसिमरा उपमहानगरपालिकाबाट श्री ................ को नाती ................ श्री ............. को छोरा ................ बस्ने वर्ष ........... को श्री .............. ले उपमहानगरपालिकाको आर्थिक ऐन....को दफा ........ बमोजिम ............. स्रोतबाट तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस जीतपुरसिमराउपमहानगरपालिबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढाबढ वा ....... (अन्य व्यवस्था) को व्यहोरा पेश हुँदा आर्थिक वर्ष ......... को लागि रु.............. अक्षेरेपि ........... मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोवस्त गर्ने मिति ........... मा उपमहानगरपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसिलको शर्त बमोजिम तपसिलमा लेखिएको आय संकलन गर्न मन्जूरी भै कबुलियत गरी दिनु भएको हुँदा तपाईको कबुलियत बमोजिम तपसिलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसिलमा लेखिए बमोजिम तपसिलमा तोकिएका मिति भित्र तोकिएको ठाउँमा चाहिने................ किस्ताको रुपैयाँ बुझाई मिति ............ देखि मिति .......... सम्मको निमित्त देहाय बमोजिमका स्रोतहरु बाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवाशुल्क असूल वा विक्री गरेको वा पहिले नै असूल गरेको प्रमाण हुँदा हुदै दोहोरो हुने गरी कर, सेवाशुल्क असूल गरेको वा विक्री गरेको वा तोकिएको वाहेक अन्य क्षेत्रवाट कर, सेवा शुल्क असूल वा विक्री गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस उपमहानगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस जीतपुरसिमरा उपमहानगरपालिबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

<u>तपसिल</u>

(१) तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आर्थिक वर्ष ............. को रु. .......... आर्थिक वर्ष ...... को रु. ............ आर्थिक वर्ष ............. को रु. .......... समेत गरी जम्मा रु............. को ठेक्का रकम प्रति किस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी ............. साल .......... गतेदेखि................. साल सम्मलाई प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने ।

(२) उक्त आय संकलन गर्नका निमित्त उपमहानगरपालिकाको क्षेत्र भित्रका यसैसाथ संलग्न सूचीका मालवस्तु/सेवामा सोही सूचीमा तोकिएको दरमा कर/सेवा शुल्क संकलन/बिक्री गरी आय संकलन गरी .......उपमहानगरपालिकालाई किस्ता रकम बुझाउनेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै उपमहानगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने ।

(३) सो आय संकलन गर्न जीतपुरसिमरा उपमहानगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दै–दस्तुर इत्यादि लगाई लिइने छैन र यस उपमहानगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको उपमहानगरपालिकाबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय गरिनेछ ।

(४) अन्य किस्ताको हकमा दोस्रो किस्ता रु. ........... मिति .......... भित्र र तेस्रो किस्ता रु............. मिति............. भित्र यस जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउनु पर्नेछ ।

(५) यसमा निमयानुसार लाग्ने मूल्य अभिवृद्धि कर तपाईकै तर्फबाट आन्तरिक राजश्व कार्यलयमा बुझाउनु पर्नेछ ।

(६) यसमा नियमानुसार लाग्ने आयकर तपाईकै तर्फबाट नियमानुसार आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) अन्य आवश्यक कुरा केही भएमा .....................

<u>किस्ताबन्दीः</u>

...........साल ...............गते देखि................. साल........ गते सम्म जम्मा रु. ..............

पहिला किस्ता पट्टा कबुलियत भएको आजै ...........साल ...............गते बुझाउनु पर्ने रु. ................

दोस्रो किस्ता ........... साल ........ गते जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउने रु. ................

तेस्रो किस्ता .......... साल ......... गते जीतपुरसिमरा उपमहानगरपालिकामा बुझाउने रु. ................

इति सम्बत् ................. साल ....................... गते रोज ................. शुभम् ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका